बैठक नं.१

आज मिति २०७९/०४/०८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | [signature] |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | [signature] |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | [signature] |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | [signature] |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन मगर | सदस्य | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.१.१

मिति २०७९।०३।२० मा बसेको नगरकार्यपालिकाको वैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं.१.१

- बुटवल उपमहानगरपालिका वडा नं.१५ स्थित कर्साघाटमा साविक सेमलार न.नं.१ङ कि.नं. १४६ र कि.नं.१८८ को नदी उकास जग्गा मध्येको तिनाउँ कोरिडोरको जग्गा छोडी बाँकी जग्गा विगाह १९-१०-१५.२५ आधुनिक प्रविधियुक्त कृषि उपज थोक बजार निर्माण प्रयोजनका लागि बुटवल उपमहानगरपालिकाको नाममा उपलब्ध हुने गरी निर्णय भएको र उक्त निर्णय उतार सहित मालपोत कार्यालय बुटवलमा अनुरोध गरी पठाइएको, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सहमतिका लागि पत्राचार गरिएको र जिल्ला प्रशासन कार्यालयमा उक्त प्रयोजनका लागि माग गरिएको जग्गा छोडी विपद् प्रयोगमा ल्याउन नपर्ने प्रकृतिको जग्गा हो भन्ने व्यहोरा प्रमाणितका लागि सिफारिस माग गरिएको ।
- आ.व.०७९/०८० का लागि बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका जग्गाको रजिष्ट्रेशन शुल्क प्रयोजनका लागि न्यूनत्तम मूल्य निर्धारणका लागि सिफारिस गरी पठाएको ।
- मिति २०७९।०३।२१ गते विहान ८:०० बजे नगरसभाको एघारौं अधिवेशनको तेस्रो वैठकमा पेश गर्ने गरी न्यायिक समिति, अनुगमन समिति, सुशासन समिति, लेखा समिति, विधायन समिति लगायतका अन्य समितिहरुको बार्षिक प्रतिवेदनहरु सभा समक्ष पेश गर्ने गरी सिफारिस गरिएको ।
- भुमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजिकरण समितिमा कार्यपालिकाको तर्फबाट दुई जना सदस्य तोकिएको ।
- नगर दररेट निर्धारण समितिमा सदस्य मनोनयन गरिएको ।
- ढुवानीग्राममा निर्माण भएको संरचनाहरुको बहाल बन्दोवस्तीका लागि न्यूनत्तम बहाल रकम कायम गरिएको ।
- बुटवल उपमहानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त) सम्बन्धी ऐन, २०७८ (प्रथम संशोधन) २०७९ संशोधनका लागि नगरसभाको एघारौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय भएको ।

प्रस्ताव नं.१.२

नगरदररेट स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१.२

विकास निर्माणका लागि प्रयोग हुने वस्तु तथा सेवाको मूल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम न्यूनत्तम दररेट निर्धारण गरी लागु गर्नु पर्ने भएको हुँदा आ.व.०७९/०८० का लागि बुटवल उपमहानगरपालिकाको नगरस्तरीय दररेट निर्धारण समितिले सिफारिस गरेको पाना ३६ को नगरदररेट स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं.१.३

स्थानीय भू-उपयोग परिषद् गठन सम्बन्धमा ।

निर्णय नं.१.३

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको भुमिको समुचित उपयोग तथा सार्बजनिक हितलाई मध्यनजर राखी नगर क्षेत्रको भुबनोट, भुमिको क्षमता तथा उपयुक्तता, भुमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भुमिको वर्गिकरण, भुउपयोग क्षेत्र तथा भुउपयोग योजना तर्जुमा एवं कार्यान्वयनका लागि भुउपयोग ऐन, २०७६ को दफा १८ को उपदफा १ बमोजिम बुटवल उपमहानगरपालिका अन्तर्गत स्थानीय भुउपयोग परिषद् गठन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.४

**नगरक्षेत्र भित्रका अव्यवस्थित ब्लक छुट्याउने कार्य सम्पन्न भएका जग्गाको नाप नक्शांकन प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।**

निर्णय नं.१.४

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका भुमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले वडा स्तरबाट लगत संकलनको कार्य सम्पन्न भई सकेको छ । नगरका सबै वडाहरुका अव्यवस्थित क्षेत्रका बस्तीको तहगत क्षेत्र निर्धारण भैसकेकाले अव्यवस्थित क्षेत्रको नाप नक्शांकनको प्रकृया अगाडि बढाउने सन्दर्भमा यस कार्यालयमा कार्यरत प्राबिधिक जनशक्ति (सर्भेक्षक, अमिन) हरुद्धारा वडा कार्यालयहरुसँगको समन्वयमा वडा नम्बर १,२,८,१२, १३,१७,१८ र १९ मा स्थलगत अवलोकन गरी नापी गर्ने क्षेत्रहरुको ब्लकहरु छुट्याउने कार्य सम्पन्न भै सकेकोले प्राविधिकहरुद्धारा पेश भई ब्लक छुट्याउने कार्य सम्पन्न भएका संलग्न विवरण बमोजिमका उल्लेखित वडाहरुमा नाप नक्शांकनको प्रकृया अगाडि बढाउन राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा अनुरोध गर्ने निर्णय गरियो । साथै अन्य वडाहरुका उल्लेखित प्रकृतिका जग्गाको ब्लक छुट्याउने कार्य सम्पन्न हुनासाथ क्रमशः भुमि आयोग जिल्ला समिति रुपन्देहीमा अनुरोध गरी पठाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१.५**

**जलस्रोत नीति तर्जुमाका लागि तयारी सम्बन्धमा ।**

निर्णय नं.१.५

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका लागि जलस्रोतको नीति तर्जुमा गरी कार्यान्वयनमा जान आवश्यक र सान्दर्भिक समेत हुने देखिएको हुँदा सो सम्बन्धी नीति तर्जुमाका लागि आवश्यक तयार गरी १५ दिनभित्र प्रतिवेदन सहितको ढाँचा पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

श्री डिल्ली प्रसाद शर्मा उपाध्याय,वडाध्यक्ष वडा नं.१२ संयोजक

श्री यज्ञ प्रसाद पंगेनी, वडाध्यक्ष वडा नं.८ सदस्य

श्री दधिराम न्यौपाने, वडाध्यक्ष वडा नं.१४ सदस्य

श्री आर्थिक विकास महाशाखा प्रमुख सदस्य-सचिव

उल्लेखित कार्यदलले आवश्यकतानुसारका विषय विज्ञलाई समेत आमन्त्रण गरी सुझाव एवं परामर्श लिन सक्नेछ ।

**प्रस्ताव नं.१.६**
**अव्यवस्थित बसोवासीको लागि उपलब्ध गराउने बासोवास प्रमाणपत्रको ढाँचा स्वीकृत सम्बन्धमा ।**
**निर्णय नं.१.६**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले नगरका सबै वडाहरुमा लगत संकलनको कार्य सम्पन्न भई सकेको छ । नगरका सबै वडाहरुमा संकलन गरिएका लगतहरुलाई सम्बन्धित वडामा दर्ता गर्ने व्यवस्था गरिएकोले संकलित लगतहरुलाई सफ्टवेयरका माध्यमबाट कम्प्युटरमा प्रविष्टि गरी सबै वडाहरुको प्रतिवेदन तयार भए पश्चात ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी दावी विरोधमा नपरेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरुलाई बुटवल उपमहानगरपालिकाले तोके बमोजिमको शुल्क लिई यसैसँग संलग्न बमोजिमको प्रमाणपत्र छपाई एवं वितरण/व्यवस्थापन गर्दा अव्यवस्थित क्षेत्रको अभिलेखको व्यवस्थापन हुनुका साथै नगरको राजश्व समेत अभिवृद्धि हुने देखिएकोले तोके बमोजिमको शुल्क लिने गरी देहाय बमोजिमको प्रमाणपत्र वितरण गर्ने निर्णय गरियो ।

देहाय

"समृद्ध बुटवल, खुशी बुटवलवासी"

# बुटवल उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुटवल-रुपन्देही, लुम्बिनी प्रदेश

फोटो

मिति:.......................

द. नं.:

**बसोवास प्रमाणपत्र**

बुटवल उपमहानगरपालिका वडा नं. ................ स्थित ............................... टोलमा अव्यवस्थित बसोवासीको रुपमा देहायको चौकिल्ला भित्रको अन्दाजी ............................... क्षेत्रफल जग्गामा बसोवास गर्दै आउनु भएका श्री.......................................... को नाति/बुहारी श्री.......................................... छोरा/पत्नी ना.प्र.प. नं. .................... का तपाई श्री ................................................. लाई बिगत ...... वर्ष देखि उल्लेखित जग्गामा बसोवास गर्दै आउनु भएकोले नगर कार्यपालिकाको मिति.......................... को निर्णय बमोजिम यो बसोवासको प्रमाणपत्र उपलब्ध गराईएको छ ।

पूर्व: पश्चिम:

उत्तर: दक्षिण:

पेश गर्ने: **प्रमाणित गर्ने** सिफारिस गर्ने

वडा सचिव: वडा अध्यक्ष:

| ................ | ................ | ................ | ................ |
|---|---|---|---|
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | प्रमुख |

"सबल आर्थिक केन्द्र, समुन्नत बुटवल"

"समृद्ध बुटवल, खुशी बुटवलवासी"

# बुटवल उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुटवल-रुपन्देही, लुम्बिनी प्रदेश

फोटो

द. नं.:

**बसोवास प्रमाणपत्र**

मिति:.......................

बुटवल उपमहानगरपालिका वडा नं. ................ स्थित .......................................... टोलमा अव्यवस्थित बसोवासीको रुपमा देहायको चौकिल्ला भित्रको अन्दाजी ...................... क्षेत्रफल जग्गामा बसोवास गर्दै आउनु भएका श्री.......................................... को नाति/बुहारी श्री.......................................... छोरा/पत्नी ना.प्र.प. नं. ............................ का तपाई श्री ................................................. लाई बिगत ................ वर्ष देखि उल्लेखित जग्गामा बसोवास गर्दै आउनु भएकोले नगर कार्यपालिकाको मिति.......................... को निर्णय बमोजिम यो बसोवासको प्रमाणपत्र उपलब्ध गराईएको छ ।

पूर्व: पश्चिम:

उत्तर: दक्षिण:

पेश गर्ने: **प्रमाणित गर्ने** सिफारिस गर्ने

वडा सचिव: वडा अध्यक्ष:

| ................ | ................ | ................ | ................ |
|---|---|---|---|
| शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | प्रमुख |

"सबल आर्थिक केन्द्र, समुन्नत बुटवल"

## नविकरण विवरण

| नविकरण | | भूक्तानी विवरण | | | | | दस्तखत | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधी | रकम | छुट | जरिवाना | भूक्तानी | रसिद नं. | फाँटवाला | प्रमाणित गर्ने |
| | | | | | | | | |

नोट:-

१. प्रत्येक आ.व. को आषाढ मसान्त भित्र तोकिएको शुल्क बुझाई प्रत्येक वर्ष नविकरण गर्नु पर्नेछ ।

२. शुरुमा तोकिएको शुल्क बुझाई प्रमाण पत्र प्राप्त गर्न सकिने छ । नविकरण गर्दा यो प्रमाण पत्र लिई आउनु पर्ने छ । प्रमाण पत्र हराए/नासिएमा रु. १००/– भूक्तान गरी प्रतिलिपी प्राप्त गर्न सकिने छ ।

३. अन्य कुराहरु न.पा. को निर्णय एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

**ताव नं.१.७**

**ज्ञापन कर ठेक्काको म्याद थप सम्बन्धमा ।**

**र्णय नं.१.७**

टवल उपमहानगरपालिकाको राजमार्ग चौराहादेखि गोलपार्क र पुष्पलाल पार्क देखि फुलवारी टसम्मको राजमार्ग क्षेत्र बाहेकको अन्य सम्पूर्ण नगर क्षेत्रमा रहेका विज्ञापन सामग्रीहरुको विज्ञापन रसंकलन व्यवस्थापन गर्ने कार्यका लागि श्री आकृति एडभरटाइजिङ्गसँग आ.व.०७७/०७८ र ७८/०७९ दुई आर्थिक बर्षका लागि मिति २०७७।११।२१ गते आय ठेक्का सम्झौता भएको । मिति ०७९।०४।०६ गते द.नं.४६३ को पत्र मार्फत् आ.व. को अन्तिम चौमासिकमा सम्झौता भएको, झौता लगत्तै कोभिड १९ को प्रभाव परेको र नगरपालिकाबाट कुनै पनि सहुलियत छुट प्राप्त गर्न नकेको सन्दर्भमा सम्झौताको बुँदा नं.४ मा भएको व्यवस्था बमोजिम आ.व.०७९/०८० एक .व.का लागि सम्झौताको म्याद थपका लागि निवेदन पेश भएको ।

य ठेक्का कवोल गर्ने फर्मले पेश गरेको निवेदन र सम्झौताको बुँदा नं.४ मा बुटवल ासहानगरपालिका नगरकार्यपालिकाले म्याद थप गर्न आवश्यक ठानेमा बढीमा एक आ.व. सम्म

म्याद थप गर्न सकिनेछ भनी उल्लेख भएकोले सम्झौता बमोजिम विज्ञापन कर संकलन व्यवस्थापन गर्ने समय २ आ.व. भएतापनि सम्झौता आ.व.०७७/०७८ को अन्तिम चौमासिकमा भएको कारण उक्त आ.व. मा कर संकलन गर्ने समयावधि कम भएको र कोभिड १९ का कारण आर्थिक गतिविधि चलायमान नभएको सन्दर्भमा अन्य आय ठेक्काहरुमा कुनै न कुनै सहुलियत उपलब्ध गराएको हुँदा सम्बन्धित महाशाखाको सिफारिस समेतका आधार निजले कवोल गरेको ठेक अंकलाई बार्षिक विभाजन गरी हुने अंकमा कम्तीमा १० प्रतिशत वृद्धि हुने गरी यो विज्ञापन कर संकलन व्यवस्थापनको ठेक्काको म्याद समेत आ.व.०७९/०८० एक आ.व. का लागि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१.८**
**पशु वधशालाको म्याद थप सम्बन्धमा ।**
**निर्णय नं.१.८**

बुटवल उप-महानगरपालिका **वडा नं. १० रामनगर स्थित औद्योगिक क्षेत्र परिसरमा निर्माणधिन आधुनिक पशुवद्यशाला निर्माण** कार्यका लागि आ.व. २०७६/०७७ को स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत **ठे.नं. ५०/२०७६/०७७** को ठेक्का **श्री शिवशक्ति कन्स्ट्रक्सन कम्पनी** (प्रा.) लि., **नयाँ वानेश्वर काठमाण्डौं** र बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय वीच **मिति २०७७।०३।०१ मा मिती २०७८।०८।२९** भित्र कार्य सम्पन्न गर्ने गरी **रु.२२,१३,३५,९९६।१३** (अक्षेरुपी **वाईस करोड तेह्र लाख पैतिस हजार नौ संय छियानब्बे र पौसा तेह्र मात्र**) को संभौता भई कार्यदेश दिईएकोमा निर्माण ब्यवसायीको माग बमोजिम प्रथम पटक **मिति २०७८।०९।०१ देखि मिति २०७९।०२।२९ गतेसम्म** अथार्त ६(छ) महिनाको लागि म्याद थप गर्न माग पेश भएकोमा नगर कार्यपालिका कार्यालयको मिति २०७८।०८।२८ को निर्णयानुसार २०७८ चैत्र मसान्त सम्ममात्र म्याद थप भएकोमा, दोश्रो पटक **मिति २०७८।१२।१६ गतेको कार्यपालिकाको निर्णय नं.९६.१४** बमोजिम २०७९ असार मसान्तसम्म म्याद थप भएकोमा काम गर्ने क्रममा पूर्व पश्चिम राजमार्ग निर्माणको कारण वद्यशाला निर्माण स्थलमा सामान लैजान ल्याउन नमिल्ने गरी बाटो अवरोध भई कार्य गर्न नपाईएको साथै हाल वर्षाको कारण उक्त क्षेत्र जलमग्न भई वर्षा नसकिएसम्म कार्य गर्न मिल्ने अवस्था नरहेकोले **मिति २०७९।०३।०३ गते द.नं. १९३५७ को** निवेदनबाट **मिति २०७९।०४।०१ देखि मिति २०७९।०९।३० गतेसम्म** अथार्त ६(छ) महिनाको लागि म्याद थप गर्न माग निवेदन पेश भएको छ ।

संभौता गर्दा देशमा पहिलो चरणको Covid-19 को पहिलो चरणको संक्रमणका कायमै रहेको अवस्था रहेको र पुन: देशमा दोश्रो चरणको कोरना महामारी Covid-19 को संक्रमणको जोखिमका कारण २०७८ वैशाख १६ गते देखि निषेधाज्ञा जारी भई उक्त ओजनामा प्रयोग हुने कतिपय सामानहरु विदेश (भारत) बाट आयात गर्नु पर्नेमा नाकावन्दिका कारण सामान आपूर्ति गर्न असहज भएको, नाकाबन्दि खुलेको लगत्तै वर्षायाम सुरुभई साईटमा कामगर्ने वातावरण नमिलेको, पूर्व पश्चिम लोकमार्ग सडक निर्माण कार्यले उक्त योजनामा जाने द्धार वन्द भई सामान ओसार पसार गर्ने सहज वातावरण नभएको समेतका कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्ने देखिएको र हालसम्म भएको कार्य प्रगती संतोष जनक देखिएको हुदाँ निवेदकले थप माग गरेको समय न्यायोचित देखिएकोले निर्माण ब्यवसायीको माग निवेदन अर्थ मन्त्रालयको च.नं.६६ मिति २०७८।०५।२१ को खरिद संभौताको म्याद थप सम्बन्धी परिपत्र समेतका आधारमा **मिति २०७९।०१।०१ देखि मिति २०७९।०३।३१ गतेसम्म** अर्थात ३ (तीन) महिनासम्म म्याद थप गरी कार्य

भईरहेको अवस्थामा पूर्व पश्चिम राजमार्ग निर्माणको कारण वद्यशाला निर्माण स्थलमा सामान लान ल्याउन नमिल्ने गरी बाटो अवरोध भई कार्य रोकिन गएको, हाल वर्षाको कारणले उक्त क्षेत्र जलमग्न भई वर्षा नसकिएसम्म कार्य गर्न मिल्ने अवस्था नरहेको साथै उक्त कार्यको भौतिक कार्य प्रगती ७० भएकोले निवेदनको माग बमोजिम **मिति २०७९।०४।०१ देखि २०७९।०९।३० गतेसम्म** अथार्त ६(छ) महिना म्याद थप गर्दा कार्यलयलाई थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप गरी कार्य सम्पन्न गर्न मनासिव देखिएको हुँदा सम्बन्धित साइड इन्चार्ज प्राविधिकबाट प्राप्त प्रतिवेदन समेतका आधारमा पेश भए बमोजिम हुने गरी उल्लेखित आयोजनाको म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१.९**
**"घ" बर्गको ईजाजतपत्र सम्बन्धमा ।**
**निर्णय नं.१.९**
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ६ (१०) तथा बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भए बमोजिमको देहायको फर्मलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | श्री ज्योति विनायक कन्स्ट्रक्सन प्रा.लि. | बुटवल-९ |

**प्रस्ताव नं.१.१०**
**भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ संशोधन सम्बन्धमा ।**
**निर्णय नं.१.१०**
बढ्दो जनसंख्या र अत्यधिक शहरीकरणको कारण जग्गा खण्डीकरण भई हाइराइज भवनलाई प्रोत्साहित गर्न, भूकम्पिय क्षतिको न्यूनीकरण गर्न, संरक्षित क्षेत्रको विकास, उपमहानगरवासीहरुको सुरक्षा साथै योजनावद्ध पूर्वाधारको विकासको लागि समय सापेक्षित आवश्यकतानुसार बहुतल्ले भवन मापदण्डमा थपघट गरी नगरलाई व्यवस्थित गर्न विद्यमान व्यवस्थामा परिमार्जन गर्दै लैजानुपर्ने देखिएकोले बुटवल उपमहानगरपालिकाबाट जारी भएको निर्माण सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ को हाइराइज भवन निर्माण सम्बन्धी मापदण्डको देहायको बुदामा देहाय बमोजिम थपघट गरी संशोधन गर्ने निर्णय गरियो ।

- तालिका ८ को बुँदा नं.४, न्यूनतम सेटव्याक अन्तर्गत ख को दायाँ, वाया र पछाडितर्फ ६ मिटरको सट्टा "४ मिटर" भन्ने वाक्यांश राख्ने (निर्धारित सडक मापदण्ड (R.O.W बाहेक)

प्रस्ताव नं.१.११
कानून, प्रेस र स्वकीय सचिवको व्यवस्थापन सम्बन्धमा ।
निर्णय नं.१.११

(क) यस बुटवल उपमहानगरपालिकाको तर्फबाट रुपन्देही जिल्ला अदालत, उच्च अदालत तुल्सीपुर, बुटवल इजलास र सर्वोच्च अदालत काठमाण्डौं समेतमा दर्ता हुने फिरादपत्र, प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ, पुनरावेदनपत्र, लिखित, प्रतिवाद, साक्षीवकपत्र समेतका मुद्दा लेखाई तथा बहस पैरवी लगायतका भैपरी आउने कार्यहरु गरेवापत प्रत्येक महिना TOR बमोजिम सम्पादन भएका कार्य प्रगति विवरणका आधारमा अधिकृतस्तर छैठौ तहको शुरु तलव स्केल बरावरको पारिश्रमिक उपलब्ध गराउने गरी एकजना अधिवक्तालाई यहि श्रावण महिना देखि करारमा राख्ने निर्णय गरियो ।

(ख) यस बुटवल उपमहानगरपालिकाबाट सम्पादन भएका र आगामी दिनहरुमा हुने विकास निर्माण लगायतका समग्र गतिविधिहरु एवं सूचनालाई आम उपमहानगरवासीहरुमा संप्रेषण गरी सुसूचित गराउने, प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतका कार्यक्रमका लागि आवश्यक पर्ने शुभकामना सन्देश, मन्तव्य आदि तयार गरी सहयोग पुऱ्याउने, कार्यान्वयन भएका कार्यहरुको अलावा सचेतनाका लागि आवश्यक बुलेटिंन प्रकाशन लगायतका कार्यहरु गर्ने प्रयोजनका लागि एक जना प्रेस विज्ञको आवश्यकता भएको हुँदा TOR बमोजिमको कार्यसम्पादन गर्ने र सहायकस्तर पाँचौ तहले पाउने शुरु तलव स्केल बरावरको पारिश्रमिक उपलब्ध गराउने गरी प्रेस विज्ञ राख्ने निर्णय गरियो ।

(ग) यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको अन्य शाखामा कार्यरत मौजुदा जनशक्तिबाट तत्कालिन अवस्थाको लागि हाल प्रमुखज्यूको सचिवालय तर्फको कार्य व्यवस्थापन गरिएकोमा सचिवालयलाई थप व्यवस्थित गरी प्रमुखज्यूको कार्यक्रम तालिका, समय निर्धारण दातृ निकायका पदाधिकारीहरुसँगको भेटघाट, प्रदेश सरकार र संघीय सरकारसँगको समन्वय एवं सहजीकरण गरी आवश्यक सहयोग लिने प्रयोजनका लागि एकजना अधिकृतस्तर छैटौ तहको कर्मचारी सचिवालयमा रही TOR बमोजिमको कार्य गर्ने गरी करारमा व्यवस्था मिलाउन नगरकार्यपालिकाकाको कार्यालयलाई निर्देशन दिने ।

प्रस्ताव नं.१.१२
विपद सम्बन्धमा ।
निर्णय नं.१.१२

(क) विगतमा खरिद गरी स्टक राखिएका तारजालीहरु खपत भई सकिएको र बर्षायामको समय अझ बढी बाँकी रहेको हुँदा विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी ५०० थान तारजाली तत्काल खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

(ख) बुटवल उपमहानगरपालिका वडा नं.१ स्थित समयदेवी टोलमा आगलागीबाट ६ घरपरिवार सहित एक रेष्टुरेण्टमा समेत क्षति पुग्न गएको हुँदा आगलागी प्रभावितहरुलाई विपद् व्यवस्थापन कोषबाट प्रति परिवार रु.१५०००।- का दरले राहत वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१.१३

प्रमुख प्रशासकीय अधिकृतको विदाई सम्बन्धमा ।

निर्णय नं.१.१३

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत (रा.प. प्रथम श्रेणी) पदमा सरुवा भई मिति २०७८।०८।१७ गते देखि हाजिर हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारतीले त्यस कार्यालयमा रही पुऱ्याउनु भएको सेवाको उच्च मूल्यांकन गर्दै हार्दिक धन्यवाद दिने र निजको पोखरा महानगरपालिकामा सरुवा भएको हुँदा त्याहाँको कार्यकालको पूर्ण सफलताको लागि हार्दिक शुभकामना समेत व्यक्त गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराइनु भयो।